# धरान उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
धरान, सुनसरी, १ नम्बर प्रदेश, नेपाल

मितिः २०७५।०६।१८

## करारमा सेवा लिने आवश्यकता सम्बन्धि सुचना
## (प्रकाशित मितिः २०७५।०६।१८)

धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालयको लागि स्वास्थय शाखा अन्तर्गत, शहरी स्वास्थ्य प्रबर्द्धन केन्द्र, धरान-१७ मा रहने गरी मेडीकल अधिकृत पदको रुपमा देहायको संख्या र योग्यता भएका प्राविधिक कर्मचारी करारमा राख्नु पर्ने भएकाले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले यो सुचना प्रकाशित भएका मितिले १५ पन्ध्र दिन भित्र दिनको २:०० बजेसम्म राजश्व तिरेको रसिद सहित दरखास्त दिन हुन सम्बन्धित सबैको लागि यो सुचना प्रकाशन गरिएको छ।यसको फाराम, दरखास्त दस्तुर, कार्य-विवरण, पारिश्रमिक र सेवाका शर्तहरु सहितको विस्तृत विवरण यस कार्यालयको प्रशासनवाट उपलब्ध हुनेछ ।

| पद | संख्या |
|---|---|
| मेडिकल अधिकृत, अधिकृत स्तर आठौं तह | १ एक |

**२. शैक्षिक योग्यता र अनुभव**

- क. नेपाली नागरिक ।
- ख. न्युनतम शैक्षिक योग्यताः नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविधालयबाट MBBS उत्तीर्ण ।
- अनुभवको हकमा MBBS उत्तीर्ण गरी सम्बद्ध कार्यमा बर्षको अनुभवीलाई ग्राहयता।
- २१ बर्ष उमेर पुरा भई ४५ बर्ष ननाघेको हुनुपर्नेछ ।
- नेपाल मेडिकल काउन्सील (NMC) मा दर्ता भएको हुनु पर्नेछ ।
- अन्य प्रचलित कानुनद्धारा अयोग्य नभएको ।

३. दरखास्तमा संलग्न गर्नुपर्नेः उम्मदवारको व्यक्तिगत विवरण शैषिक योग्यताको प्रमाणित प्रतिलिपि नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि अनुभवका प्रमाणित प्रतिलिपि तथा प्रचलित नेपाल कानुन बमोजिम नेपाल मेडीकल काउन्सील (NMC) मा दर्ता भएको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी संलग्न हुन पर्नेछ ।पेश गरिएका सवै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्ने ।

४. कार्य विवरण :

मेडीकल अधिकृतले धरान उपमहानगरपालिकाप्रति उत्तरदायी भई निम्न कार्यहरु गर्नु पर्दछ ।

१. काम गर्नुपर्ने स्थान : शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र, धरान उपमहानगरपालिका वडा नं. १७ ।

२. शहरी स्वास्थ्य प्रवर्धन केन्द्रको स्वास्थ्य प्याकेज अनुरुप खासगरि मातृ तथा शिशु स्वास्थ्य, यौन तथा प्रजनन स्वास्थ्य, परिवार नियोजन, नसर्ने रोग, सरुवा रोग, वातावरणीय स्वास्थ्य, वजार अनुगमन र स्वस्थ्य जीवन शैली शिक्षाको योजना बनाउने, सेवा दिने तथा नगर स्वास्थ्य केन्द्रको व्यवस्थापन गर्ने ।

३. शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रमा आधारभुत, आकस्मिक सेवा, क्लिनिकल तथा मेडिकल सेवा सुनिश्चता गर्ने ।

४. गुणस्तरीय सेवाका लागि कार्यमुलक अनुसन्धानको खाका वनाउने तथा व्यवहारमा ल्याउने ।

५. शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रको प्रमुख भई आर्थिक, प्रशासनिक तथा जनशक्ति व्यवस्थापनको जिम्मेवारी लिने, स्थानीय माग र आपुर्ति अवस्थालाई सम्वोधन गर्ने, स्वास्थ्यका लाग स्थानीय स्रोत परिचालन गर्ने, प्रेषण संयन्त्र स्थापना गर्न तथा महामारी, प्रकोप व्यवस्थापन पुर्वतयारीका लागि उपमहानगरपालिकामा रहेका सरकारी निकाय तथा विकास साझेदारहरु संग समन्वय गर्ने ।

प्रसाद खतिवडा
अधिकृत

६. नियमित गुणस्तरीय अभिलेखीकरण तथा प्रतिवेदन, गुणस्तरीय सेवा प्रवाह गर्ने तथा सेवा विस्तारका लागि कार्यक्रमको नियमति पुनरावलोकन गर्ने।

७. जनशक्ति, आवश्यक सरसमान, औषधि तथा अत्यावश्यक औजारको नियमितता सुनिश्चत गर्ने ।,

८. शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र व्यवस्थापन समति तथा सामुदायिक स्वयंसेवकलाई संलग्न राख्न समन्वय गर्ने

९. शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्को नियमित अनुगमन तथा सुपरिवेक्षण योजना तयार गरि नगर कार्यपालिकाको कार्यालयबाट स्वीकृत गराई कार्यान्वयनमा ल्याउने, सुधार गर्दै जाने तथा सामाजिक परीक्षण सुनिश्चित गर्ने ।

१०. ज्ञान सम्बर्द्धनका लागि सफलताका कथाहरु तथा असल अभ्यासहरुको अभिलेखीकरणमा सहजीकण गर्ने ।

११. कार्य समुहको क्षमता अभिबृधिका लागि समन्वय गर्ने । सुपरीवेक्षकले दिएको अन्य जिम्मेवारी बहन गर्ने

१२. सेवा सम्बन्धि प्रचलित कानुनमा व्यवस्था भएका आचरण सम्बन्धि कुराहरु पालना गर्नुपर्ने छ ।

१३. उपमहानगरपालिकाले तोकेको अन्य कार्यहरु गर्ने ।

१४. यस कार्य विवरण वमोजिमको मासिक तथा आवधिक प्रगति प्रतिवेदन नगर कार्यापालिकाको कार्यालयमा पेश गर्ने ।

१५. मासिक प्रगति प्रतिवेदन बुझाए पश्चात मासिक पारिश्रमिक भुक्तानी दिने ।

खगेन्द्र प्रसाद खतिवडा
बरिष्ठ प्रशासकीय अधिकृत